नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७६।७७
चलानी नं.: ५८४

मितिः२०७७।०३।१७

श्री स्थानीय तह (सबै)

विषयः स्वदेशी कृषि उत्पादन उपभोग प्रवर्धन सम्बन्धमा ।

प्रस्तुत विषयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको पत्र संख्याः प.म.वि./२०७६/०७७ च.नं.४८९ मिति २०७७/०३/११ को स्वदेशी कृषि उत्पादन उपभोग प्रवर्धन सम्बन्धी प्राप्त पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाट अवगत गरी स्वदेशी कृषि उत्पादन उपभोग प्रवर्धनमा कृषकहरुको हौसला बढाउने कार्य गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीबी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय,सिंहदरबार ।
श्री सूचना तथा प्रविधि शाखाः website मा upload गरिदिनु हुन ।

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं

(पशुपन्छी तथा मत्स्य विकास महाशाखा)

फोन: ०१-४२११४७८
फ्याक्स: ०१-४३७३२३६

प.सं.: प.म.वि/२०७६/०७७
च.नं. ४८९

मिति: २०७७/०३/११

विषयः **स्वदेशी कृषि उत्पादन उपभोग प्रवर्द्धन सम्बन्धमा।**

दर्ता नं.: १२५४२
मिति: २०७७।३।१८

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं।

उपरोक्त विषयमा कोभिड -१९ को विश्वव्यापी माहामारीको त्रास एवं बन्दाबन्दीको कारण स्वदेशमा उत्पादित कृषि उपजहरु तरकारी, फलफूल, दूध, दुग्ध पदार्थ, माछा, मासु र अण्डाको खपत कम हुँदा समग्र मूल्य श्रृखंलामा मन्दी आई यी व्यवसायहरुमा संलग्न कृषक व्यवसायीहरुमा प्रत्यक्ष प्रभाव परी व्यवसायबाट पलायन समेत हुन सक्ने अवस्था रहेको छ। साथै मुलुकको आर्थिक विकासको महत्वपूर्ण उत्पादन क्षेत्रको रुपमा रहेको यस क्षेत्रलाई दुरगामी असर पर्न सक्ने अवस्था सिर्जना भएको छ। यस असहज परिस्थितिमा स्थानीय तहहरुबाट संचालन व्यवस्थापन भएका र हुने क्वारेन्टाईन स्थल, कोभिड-१९ को राहात वितरण कार्यक्रम, कामका लागि खाद्यान्न कार्यक्रम, गर्भवती महिला तथा बालबालिका पोषण सहयोग कार्यक्रम जस्ता कार्यक्रमहरुमा आन्तरिक रुपमा उत्पादित तरकारी, फलफूल, दूध, दुग्ध पदार्थ, अण्डा, माछा, मासु जस्ता कृषि तथा पशुजन्य उत्पादनहरु समावेश हुने व्यवस्था गरी स्वेदशी उत्पादन र व्यवसायको संरक्षण एवं प्रवर्द्धन गर्ने कार्यमा सहयोग गरी कृषकहरुको हौसला बढाउन सबै स्थानीय तहहरुमा पत्राचार गरिदिनु हुन निर्देशानुसार अनुरोध गर्दछु। साथै दुग्ध विकास संस्थान र निजी डेरी उद्योगहरुमा धुलो दूध, मख्खन, घ्यू र चीज मौज्दात रहेको व्यहोरा समेत अनुरोध छ।

वैकुण्ठ अधिकारी
सह-सचिव (प्रा.)